
महिला शसक्तिकरण र बालसंरक्षणका लागि

# आत्म–निर्भर समूह पद्धति

(Self Help Group Approach)

## परिचय पुस्तिका

### आर्थिक




बचत र ऋण परिचालन
व्यवसायिक सिपको विकास
उद्यमशिलताको प्रवर्द्धन
परिवारमा आम्दानी बृद्धि

### सामाजिक



स्वस्थ र पोषणयुक्त खाना
बालबालिकामा शिक्षाको पहुँच
परिवारमा लैङ्गिक विभेदको अन्त्य
बालबालिकाको स्याहार र संरक्षण

### राजनीतिक



व्यक्तिगत क्षमता विकास
महिलाहरुमा नेतृत्व विकास
समुदायमा महिलाहरुको पहुँच
वडा र पालिकामा सहभागिता

VOICE OF CHILDREN 2057

kinder not hilfe

तपाईंको समुदायका बालबालिका हिंसा, दुर्व्यवहार, यौन तथा श्रम शोषणमा परेका छन् भने तत्काल उद्धार र संरक्षणका लागि **‘बाल हेल्पलाईन नम्बर १०९८’** मा सम्पर्क गरौं ।

# संस्थाको परिचय

भ्वाईस अफ चिल्ड्रेन वि. सं. २०५७ सालमा स्थापना भएको गैरसरकारी संस्था हो । यसले सडक, यौन दुर्व्यवहार तथा जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण र परिवारमा पुनर्मिलन गर्ने कार्य गर्दछ । यसका साथै जोखिम अवस्थामा रहेका परिवारहरुलाई स्वास्थ्य, शिक्षा, आर्थिक, मनोसामाजिक र कानुनी परामर्शका माध्यमबाट क्षमता विकास गर्ने र बालसंरक्षणका संरचनाहरुको सबलिकरणका लागि पैरवी गर्ने कार्यहरु पनि गर्दै आएको छ ।

वि. सं. २०७० सालदेखि सुनसरी जिल्ला लगायत कोशी प्रदेशमा भ्वाईस अफ चिल्ड्रेनले जोखिममा रहेका बालबालिका र परिवारहरुको विकासका लागि बालसंरक्षण तथा परिवार विकास कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यसै सन्दर्भमा वि. सं. २०७५ सालबाट भ्वाईस अफ चिल्ड्रेनले सुनसरी जिल्लाको देवानगञ्ज र गढी गाउँपालिकामा आत्म-निर्भर समुह पद्दतिको माध्यमबाट जोखिम अवस्थामा रहेका परिवारहरुको शसक्तिकरणको कार्यक्रम सञ्चालन गरिरहेको छ ।



## आत्म-निर्भर समुह पद्धतिको परिचय

आत्म-निर्भर समुह पद्धति (Self Help Group Approach) महिलाहरुको सशक्तीकरण गर्ने विधि हो । यो पद्धति महिलाहरुको अधिकारमा आधारित र सहभागितामुलक छ । महिलाहरु मात्र सदस्य हुने भएकोले उनीहरुको नेतृत्व विकास गर्न यो पद्धतिले सहयोग गर्दछ ।

गरिबी, सिमान्तकृत तथा जोखिम अवस्थामा रहेका महिलाहरुको आत्म-विश्वास बढाउने, आत्मनिर्भरता बृद्धि गर्ने र उनीहरुकै योजना अनुसारका क्रियाकलापहरुमा सहभागी गराएर सशक्तीकरण गर्नु आत्मनिर्भर पद्धतिको मुख्य कार्य हो । यसले महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक क्षमता र नेतृत्व विकास गर्न सहयोग गर्दछ । समुदायका महिलाहरु आयआर्जनमा कमी, सामाजिक विभेद र स्थानीय सेवासुविधामा पहुँचको कमीले गरिबीमा पर्दछन् र त्यस्ता महिलाहरुको पहिचान गरी सशक्तिकरण गर्ने काम आत्म–निर्भर समुहले गर्दछ । महिलाहरुको क्षमता विकास भएपछि उनीहरुका बालबालिकाको संरक्षणमा समेत प्रभावकारी परिवर्तन आउँदछ ।

## आत्म-निर्भर समुह पद्धतिको सिद्धान्तहरु

आत्म-निर्भर समुह पद्धतिको दुई वटा आधारभुत सिद्धान्तहरु छन् ।

१. हरेक व्यक्तिसँग जन्मजात अद्‌भुत सम्भावना रहेको हुन्छ । गरिबीको अवस्थामा रहेका महिलाहरुभित्र पनि विलक्षण प्रतिभा हुने भएकोले उपयुक्त वातावरण भएमा उनीहरुले राम्रो कार्य गर्न सक्दछन् ।

२. कुनै पनि व्यक्ति एक्लो हुँदा आवाज विहीन, शक्तिहीन तथा जोखिममा रहन्छ । तर यस्ता व्यक्तिहरु एकताबद्ध भई आफ्नो अधिकारको बारेमा जानकार रहँदा ठुलो शक्ति संचय हुन्छ र उनीहरुले आफ्ना अधिकारहरुको लागि नेतृत्व लिन सक्दछन् ।

# आत्म-निर्भर समुह पद्धतिका विशेषताहरु

विकास र सशक्तीकरणको माध्यमबाट गरीबी तथा जोखिम अवस्थामा रहेका महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक रुपमा परिवर्तन गर्न सकिन्छ । यस्ता प्रकारका परिवर्तनमा आत्म-निर्भर समुह पद्धतिको निम्न विशेषताहरु रहेका छन् ।

## आत्म-निर्भर समुह पद्धतिका विशेषताहरु

- समान आर्थिक, सामाजिक र राजनीतिक अवस्था भएका १५-२० जना महिलाहरु ।
- प्रत्येक हप्ता बैठक र सदस्यहरुबाट आलोपालो रुपमा समुहको नेतृत्व ।
- साप्ताहिक बचत गर्ने र नियम बनाएर ऋण परिचालन गर्ने ।
- साप्ताहिक बैठक, बचत, ऋण र अन्य कार्यको अभिलेख आफैं राख्ने ।
- बैठक बढीमा १ घण्टाको हुने र स्थान तथा समय सदस्यहरुले नै तोक्ने ।
- बैठकमा सदस्यहरु एकले अर्कोलाई देख्नेगरी गोलाकार भएर बस्ने ।
- लक्ष्य निर्धारण गर्ने, कार्ययोजना बनाउने, प्रगति मापन र अनुगमन आफैं गर्ने ।
- सञ्चालक र अभिलेखकर्ता समुहका सदस्यभित्रबाटै छनौट गर्ने ।
- अनुभव तथा समस्याहरु एकअर्कामा छलफल गरि समाधानका उपायहरु निकाल्ने ।
- समुहको नाम राख्ने र नियमहरु बनाउने काम आफैं गर्ने ।

# आत्म-निर्भर समुह

एउटै समुदायमा बसोबास गर्ने समान आर्थिक र सामाजिक अवस्था भएका १५-२० जना महिलाहरुको सहभागीतामा आत्म-निर्भर समुह गठन हुन्छ । आत्म-निर्भर समुह पद्धतिको माध्यमबाट गरीबी तथा जोखिम अवस्थामा रहेका महिलाहरुको आर्थिक, सामाजिक तथा राजनीतिक विकास र सशक्तिकरणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएका छन् ।

## आत्म-निर्भर समुहका मुख्य कामहरू:

### नियमित साप्ताहिक बैठक

आत्म-निर्भर समुहका सदस्यहरु हरेक हप्ता नियमित रुपमा बैठक बस्दछन् । धेरै महिलाहरुले आफ्ना बिचार, भावना तथा अनुभवहरु बैठकमा व्यक्त गर्दछन् । सदस्यहरुले समुहको आर्थिक, सामाजिक र राजनीतिक लक्ष्य निर्धारण गरी कार्ययोजना समेत बनाउँदछन् ।





### क्षमता विकास तालिम

सदस्यहरुलाई साप्ताहिक बैठकमा समुहको परिचय, महत्व, आवश्यकता, बचत, ऋण परिचालन, लैङ्गिकता, आयआर्जन, सञ्चार, पैरवी, महिला तथा बालअधिकार लगायतका समसामयिक विषयमा क्षमता विकास गरिन्छ ।

### नियमित साप्ताहिक बचत

महिलाहरुले समुहको बैठकमा नियमित साप्ताहिक बचत गर्ने गर्दछन् । सबै सदस्यहरुले साप्ताहिक रुपमा बचत गर्ने रकम समान हुनुपर्दछ । जस्तैः रु. १०, रु. २०, रु. ३० आदि र चाहेको समयमा उनीहरुले बचत रकम परिवर्तन गर्न सक्दछन् । यसको साथै सदस्यहरुले विशेष बचतको रुपमा आफुले चाहेको रकम समुहमा बचत गर्दछन् । बचत बापत उठेको रकम समुहको निर्णय अनुसार सदस्यहरुमध्ये एक जनाले सुरक्षित रुपमा राख्ने गर्दछन् ।

## ऋण परिचालन



समुहले सदस्यहरुलाई बचत भएको रकमबाट आयआर्जनको लागि ऋण लिन प्रोत्साहन गर्दछ । यसैगरी समुहले आपतविपद् र विरामी भएको अवस्थामा पनि सदस्यहरुलाई ऋण प्रवाह गर्न सक्दछन् । समुहले बनाएको ऋणसम्बन्धी नीतिनियमको आधारमा व्याज र साँवा बुझाउनु पर्दछ ।

## आत्म-निर्भर समुह (आ.नि.स.) सञ्जाल

एउटै समुदायमा भएका ८-१० वटा आत्म-निर्भर समुहहरुको क्षमता विकास भएपछि आत्म-निर्भर समुहहरुको सञ्जाल गठन हुन्छ । प्रत्येक आत्म-निर्भर समुहबाट २/२ जना सदस्यहरुले सञ्जालको प्रतिनिधित्व गर्दछन् । यो सञ्जाल एउटा वडामा एउटा बनाउँदा सामुहिक रुपमा काम गर्न सजिलो हुन्छ ।

### सञ्जालका कामहरु

- आत्म-निर्भर समूहको क्षमता विकास गर्ने र आवश्यकता अनुसार नयाँ समूह गठन गर्ने,
- पालिका तथा वडास्तरमा भएका श्रोतहरु पहिचान तथा परिचालन गर्ने,
- समुदायको सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनका योजना र कार्यान्वयन गर्ने ।
- समुदायको सामाजिक रुपान्तरण गर्न आत्म-निर्भर समुहहरुलाई सहयोग गर्ने ।



# आ.नि.स. महासंघ

एउटा पालिका वा क्षेत्रमा भएका ८-१० वटा आत्म-निर्भर समुह (आ.नि.स.) सञ्जालहरुको क्षमता विकास भईसकेपछि महासंघ गठन हुन्छ । प्रत्येक सञ्जालबाट २/२ जना सदस्यहरु महासंघमा सदस्य हुन्छन् । यो आत्म-निर्भर समुह (आ.नि.स.) र सञ्जालहरुको प्रतिनिधिमुलक कानूनी संगठन हो ।

### महासंघका कामहरु

- सञ्जाल र आत्म-निर्भर समुहहरुको आर्थिक, सामाजिक र राजनीतिक उपलब्धीहरुलाई निरन्तरता दिन र दिगो बनाउन सहयोग गर्ने ।
- सञ्जाल र आत्म-निर्भर समुहहरुको सहभागितामा लक्ष्य र उद्देश्य तयार पार्ने तथा सो प्राप्तीका लागि सहयोग गर्ने ।
- महिला तथा बालबालिका र मानवअधिकारका लागि नीति पैरवी गर्ने ।

# बालसंरक्षण सम्बन्धी क्रियाकलापहरु

आत्म-निर्भर समुह भएका समुदाय र विद्यालयहरुमा बालसंरक्षण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नका लागि बाल क्लबहरु गठन भएका छन् । समुहका सदस्यहरु तथा बालबालिकालाई बालअधिकार र बालसंरक्षण सम्बन्धी अभिमुखिकरण गर्ने, बाल दुर्व्यवहार, हिंसा, शोषण, बाल बिवाह विरुद्ध चेतनामुलक क्रियाकलाप र पैरवी गर्ने लगायतका कार्यहरु बाल क्लबले गरिरहेका छन् । विशेषगरी बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सहभागितालाई ध्यानमा राखी बालसंरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएका छन् । बाल क्लबले साथी शिक्षक मार्फत बाल संरक्षण सम्बन्धी चेतनामूलक कार्यक्रमहरु गर्दछन् ।





# आत्म-निर्भर समुह पद्धतिको तीन तहको संरचना

महिलाहरुलाई समुदायस्तरदेखि पालिकास्तरसम्म पहुँच पुऱ्याउनका लागि आत्म-निर्भर समुह पद्धतिमा तीन तहको संरचनाको व्यवस्था गरेको छ । एकै समुदायका १५-२० जना महिलाहरु एकजुट भई आत्म-निर्भर समुह गठन गर्नुपर्दछ । ८-१० वटा आत्म-निर्भर समुह एउटै क्षेत्रमा भएपछि क्षेत्रस्तरीय संगठन गठन गर्नुपर्दछ । ८-१० वटा क्षेत्रस्तरीय संगठनहरु भएपछि महासंघ गठन गर्न सकिन्छ ।




आ.नि.स. (आत्म निर्भर समुह)


## भ्वाईस अफ चिल्ड्रेन

ल.पु. म.न.पा.-१७, ग्वार्को, ललितपुर ।

**केन्द्रीय कार्यालय**

पो.ब.नं. ८९७५ ई.पि.सि. १९३६

फोन नं.: ०१-५५४६३९०, ५५४८०१८, ५५४८६१९

ईमेल: info@voiceofchildren.org.np

**प्रदेश कार्यालय**

पो.ब.नं. १५५ इटहरी-५, सुनसरी

फोन नं ०२५-५८५०८९

**बाल हेल्पलाईन १०९८**

www.voiceofchildren.org.np

## आत्म-निर्भर परिवार परियोजना, फिल्ड कार्यालय

देवानगञ्ज गाँउपालिका
वडा नं.२, सुनसरी

गढी गाँउपालिका
वडा नं.२, सुनसरी